
Nepali-V1.pdf 1 18/01/2014 12:01 PM



## प्रहरी द्वारा हस्तक्षेप
## (Intervention by Police)

घरेलु हिंसाका सबै शिकायतहरु एवम् सूचनाहरु माथि प्रहरी बलद्वारा कार्वाही र छानबीन गरिनेछ । सामान्य परिस्थितिहरुमा, प्रहरी हटलाईन 2527 7177 माफत् कुनै पनि प्रहरी थानामा फोन गरेर सूचना दर्ता गराउन सकिन्छ, वा कुनै प्रहरी अधिकारीलाई सोझै सम्पर्क गरेर सूचित गर्न सकिन्छ । आपत्कालिन स्थितिमा, सर्वसाधारणले '999' 'मा फोन मद्दत माँग्न सक्छन् । पीडितहरु र सुराकी सम्बन्धि जानकारीहरु गोप्य राखिनेछन् ।

*अपराध अध्यादेश (सिएपी 200) र व्यक्ति विरुद्ध अपराध अध्यादेश (सिएपी 212) अनुसार यस्तो कुनै पनि व्यक्ति जसले कुनै पनि व्यक्तिलाई, जसमा पति / पत्नी / सँगै बस्ने पनि सामेल छ, कुनै गम्भीर शारीरिक क्षति पुर्‍याउँछ वा त्यस्तो धमकी दिन्छ भने त्यस्तो व्यक्ति अपराधको लागि दोषी हुनेछ र ३ कैदको भागी हुनेछ ।*



## क्लिनिकल मनोवैज्ञानिक सेवा
## (Clinical Psychological Service)

SWD क्लिनिकल मनोवैज्ञानिक एकाईहरुका क्लिनिकल मनोवैज्ञानिकहरु ले पीड़ितहरु, उत्पीड़कहरु, अनि / वा मनोवैज्ञानिक समस्याले ग्रस्त उनीहरु का बच्चाहरुलाई मूल्यांकन र उपचार सेवा प्रदान गर्छन । SWD एकाईहरुको सिफ़ारिशहरु ग्रहण गरिन्छ । पति-पत्नी / संगै बस्नेलाई उत्पीड़नबाट ऊब्जे को मनोवैज्ञानिक समस्याहरुलाई व्यवस्थापित गर्न संबन्धित व्यक्तिलाई मदत गर्न हेतु वैयक्तिक वा सामुदायिक, बेग्ला बेग्लै मामिलाको परिस्थितिहरु को आधारमा, क्लिनिकल मनोवैज्ञानिकहरु ले मनोवैज्ञानिक उपचार उपलब्ध गराऊँछन । पारपाचुकेका मामिलाहरु मा, क्लिनिकल मनोवैज्ञानिकहरु ले, जिम्मा, पहुँच र / वा बच्चाहरु को रेखदेख संबन्धित विषयहरुमा अदालतलाई मनोवैज्ञानिक मूल्यांकन गर्नु अनि विशेषज्ञ मत दिन सक्छन ।



## आर्थिक सहायता
## (Financial Assistance)

व्यापक सामाजिक सुरक्षा सहायता योजना (Comprehensive Social Security Assistance (CSSA) Scheme), मद्दत चाहिएकाहरुका लागि वित्तीय सहायता उपलब्ध गराउनका लागि बनाईएको हो । यसको योग्यताको लागि, आवेदक कम्तिमा पनि सात वर्ष देखि हङ्ग कङ्गको वासिन्दा हुनु जरुरी छ । विशेष परिस्थितिहरुमा, बसाईका निर्धारित शर्तहरु पूरा नगर्ने CSSA आवेदकलाई समाज कल्याणका निर्देशकको विवेकाधिकारमा सहायता प्रदान गर्न सकिन्छ । CSSA आवेदनहरू सामाजिक कार्यकर्ताको सिफारिशहरू मार्फत वा SWD का सामाजिक सुरक्षा फील्ड एकाईहरू मा स्वयं गएर गर्न सकिन्छ ।



## अनुकम्पा पुनर्वास
## (Compassionate Rehousing)

अनुकम्पा पुनर्वास एक यस्तो प्रकारको आवासीय सहायता हो जसको उद्देश्य यस्ता व्यक्तिहरु र परिवारहरुलाई मद्दत दिनु हो जसका जरुरी आवासीय जरुरतहरु छन् तर त्यसको समाधान उनीहरुले स्वयं गर्न सक्ने स्थितिमा छैनन् । यस योजना अन्तर्गत, वैवाहिक विच्छेद प्रक्रिया अन्तर्गत रहेकाहरु (पति / पत्नीद्वारा शारीरिक उत्पीडनका शिकारहरु समेत) लाई अनि वास्तविक आवासीय आवश्यकता भएकाहरुलाई उनीहरुका वैवाहिक विच्छेदका आवेदनहरुमाथि न्यायालयको फैसलाको प्रतीक्षाको अवधिमा वास्तविक आवासीय आवश्यकताहरु पूरा गर्नमा मद्दत गर्नका लागि सशर्त किरायादारीको पनि सिफारिश गर्न सकिन्छ । अनुकम्पा आवासको आवश्यकता भएका मानिसहरू ले सम्बद्ध सामाजिक कल्याण एकाईहरू सित सम्पर्क गर्न सक्छन ।



## कानूनी सहायता सेवा
## (Legal Aid Service)

उत्पीड़ित पति-पत्नी / सँगै बस्ने अविवाहित पुरुष–स्त्रीको मामिलामा जो पीड़ितहरू ले देवानी कानूनी प्रक्रिया दायर गर्न चाहन्छन कानूनी सहायताको निम्ति कानूनी सहायता विभागमा आवेदन गर्न सक्छन । एकजना उत्पीड़ित पति-पत्नी / सँगै बस्ने अविवाहित पुरुष–स्त्री ले अदालतमा निषेधाज्ञाको निम्ति आवेदन गर्न सक्छ । एकजना उत्पीड़ित पति-पत्नी जसले विवाह विच्छेद गर्ने निर्णय गर्छ, त्यही समयमा पारपाचुकेको निम्ति कानूनी प्रक्रिया पनि शुरू गर्न सक्छन । कानूनी सेवा प्राप्त गर्नलाई, पीड़ितको आयहरू र योग्यताहरू को जाँच गरिन्छ र त्यसमा सफल हुनु पर्छ । एउटा निषेधाज्ञाको निम्ति कानूनी सहायताको जरूरी आवेदन आएको खण्डमा LAD आयको जाँच गर्न र बयान लिनलाई जति सक्दो चांडो अन्तर्वार्ताको व्यवस्था गर्नेछ ।

# उत्पीड़ित पति-पत्नी / सँगै बस्ने अविवाहित पुरुष स्त्रीको मामिलाहरुका सहयोग सेवाहरू

# Support Services to SPOUSE / COHABITANT BATTERING CASES



Nepali
February 2014

社會福利署
Social Welfare Department

Nepali-V1.pdf 2 18/01/2014 12:02 PM

हङ्ग कंगमा पीड़ितहरू ( ऊमेर, लिङ्ग, लिङ्ग अभिमुख, अनि जाति इत्यादि प्रति विभेद नगरी ), उत्पीड़कहरु वा ती परिवारहरु जस्ले पति-पत्नी, सँगै बस्ने अविवाहित पुरुष–स्त्रीका उत्पीड़नको सामना गर्न परिरहेछ, उनीहरुलाई समाज कल्याण विभाग (Social Welfare Department - SWD), गैरसरकारी प्रतिष्ठानहरु (non-governmental organisations - NGOs), प्रहरी अनि कानूनी सहायता विभाग (Legal Aid Department - LAD) इत्यादि द्वारा क्रमिकरूपमा विभिन्न सेवाहरु उपलब्ध गराईन्छ ।

## परिवार एवम् बाल सुरक्षा सेवा एकाईहरु
## (Family and Child Protective Services Units – FCPSUs)

SWD का Family and Child Protective Services Units अर्थात् परिवार एवम् बालबालिकाहरुको सुरक्षा सेवा एकाईहरु सामाजिक कार्यकर्ताहरु द्वारा सञ्चालित यस्ता विशिष्ट एकाईहरु हुन्छन् जसले पीडितहरुलाई, उत्पीडकहरुलाई र / वा बाल उत्पीडनका शिकार परिवारहरुलाई अनि पति / पत्नी / संगै बस्ने द्वारा उत्पीडिनका समस्याहरुमा थुप्रै किसिमका सेवाहरु प्रदान गर्दछन् । मामिलाहरुका आवश्यकताहरुलाई ध्यानमा राख्दै सामाजिक कार्यकर्ताहरुले स्थानमा गएर, सामाजिक अन्वेषण गर्ने, संकट समाधानका निम्ति हस्तक्षेप गर्ने, मामिला सम्बन्धि परामर्श दिने अनि सामुहिक उपचार गर्ने ईत्यादि सेवाहरु उपलब्ध गराउँछन् । वित्तीय सहायता, आवास, कानूनी मद्दत, मनोवैज्ञानिक सेवा र स्कूल आदिको व्यवस्थाको निम्ति आवश्यक परेमा सिफारिश पनि गर्छ । यसका अतिरिक्त, जिम्मा वा अभिभावकत्व विवादले प्रभावित बालबालिकाहरुका हितहरुको सुरक्षाको निम्ति, FCPSUs न्यायालयका आदेश अनुसार, सामाजिक अन्वेषण अभिलेख तयार पार्छन अनि न्यायालयको आदेश अनुसार बच्चाहरू को निम्ति वैधानिक सुपरिवेक्षण मुहैया गराऊँछन।

## एकीकृत परिवार सेवा केन्द्रहरु
## (Integrated Family Service Centres - IFSCs)

SWD र वित्तीय सहायता प्राप्त NGOs द्वारा सञ्चालित ईन्टिग्रेटेड ङ्खयामिलि सर्विस् सेन्टरहरु एकीकृत परिवार सेवा केन्द्रहरुले समाजमा व्यक्तिहरु र परिवारहरुका विविध आवश्यकताहरु पुरा गर्नलाई व्यापक, सामग्रिक अनि एउटै केन्द्रबाट थुप्रै सेवाहरु उपलब्ध गराउँदछ । यसमा एउटा परिवार संसाधन एकाई, एउटा परिवार सहायता एकाई अनि एउटा परिवार परामर्श एकाई समाविष्ट भएको हुन्छ । खाँचोमा परेका मानिसहरू र परिवारहरूको निम्ति उपलब्ध सेवाहरु वर्द्धित घन्टाहरुको निम्ति प्रदान गरिन्छन् जसमा पारिवारिक जीवन सम्बन्धि शिक्षा, आमा-बाबा र बच्चाहरुको गतिविधिहरु, सोधपुछ सेवा, स्वयंसेवक तालिम, विभिन्न स्थानमा गएर सेवा दिने कार्य, पारस्परिक सहायता समुहहरु, परामर्श दिने सेवा अनि सिफारिश सेवाहरु छन् ।

## सामाजिक चिकित्सा सेवाहरू
## (Medical Social Services)

पारिवारिक हिंसाका मामिलाहरू सार्वजनिक अस्पतालहरूमा, केही विशेषज्ञ बाह्य-रोगी क्लीनिकहरूमा अस्पतालका का कर्मचारीहरू मार्फत, अरु संस्थाहरू र प्रहरी बाट अनि रोगीहरू वा तिनीहरूका परिवारहरू द्वारा सोझै सम्पर्क गर्नाले सामाजिक चिकित्सा कार्यकर्ताहरू को निगाहमा आऊँन सक्छ,। सामाजिक चिकित्सा कार्यकर्ताहरू ले पारिवारिक हिंसामा पीडितहरू अनि ऊनीहरूका परिवारहरू का सदस्यहरूलाई सहायता गर्न ऊनीहरू को हित को आवश्यकताहरू अनुसार परामर्श प्रदान, ठोस सेवाहरू अनि पुनर्वास सेवाहरू को निम्ति सिफ़ारिशहरू को व्यवस्था तथा सामुदायिक संसाधन, इत्यादि उपलब्ध गराऊँछ ।

## पारिवारिक हिंसाका शिकारहरुका निम्ति पीडित सहायता कार्यक्रम
## (Victim Support Programme for Victims of Family Violence)

Po Leung Kuk Tsui Lam Centre, सामाजिक कार्यकर्ताहरुका सहयोगले प्रान्तमा सर्वत्र पारिवारिक हिंसाका शिकारहरुका निम्ति पीडित सहायता कार्यक्रम उपलब्ध गराईएको छ । सूचना देखि लिएर भावात्मक सहयोग अनि कानूनी कार्वाई चलिरहेको समयमा अथवा जीवनमा आकस्मिक परिवर्तनको सामना गर्न पर्दा सहचर सेवा जसता एकमुष्ठ समन्वित सेवाहरु उपलब्ध गराएर उनीहरुका भय बोध र असहायपनमा कमी ल्याउनु यो कार्यक्रमको उद्देश्य हो । तपाईं यस सेवाको निम्ति तपाईंको सामाजिक कार्यकर्ता समक्ष जान सक्नुहुन्छ ।

## अस्थायी आवास सेवाहरु
## (Temporary Accommodation Services)

### महिलाहरू को निम्ति आश्रय केन्द्रहरू
### (Refuge Centres for Women)

पारिवारिक हिंसा को जोखिममा परेका वा संकट को सामना गरिरहेका महिलाहरू र तिनीहरू का बच्चाहरू को निम्ति अस्थायी आवास र सहायता सेवाहरू उपलब्ध गराऊँने हङ्ग कङ्गमा महिलाहरू को निम्ति 5 वटा आश्रय केन्द्रहरू छन जस्तै वाई ऑन Wai On महिलाहरू को निम्ति आवास, हारमोनि हाउस Harmony House, सीरिन कोर्ट Serene Court, सान राइज़ कोर्ट Sunrise Court र डन कोर्ट Dawn Court । यस्तो सेवाको प्रयोजन परेको महिलाहरू को निम्ति, सामाजिक कार्यकर्ताहरू को सिफ़ारिशहरू द्वारा, प्रहरी वा अस्पताल मार्फत अथवा सोझै आवेदन गरेर दिन को 24 घण्टा मा कुनै पनि समयमा भर्ना लिन सकिन्छ । आश्रय केन्द्रहरू का ठेगानाहरू गुप्त राखिएको छ ।

### बहुमुखी संकट हस्तक्षेप एवम् सहायता केन्द्र (सीज क्राईसिस सेन्टर)
### (Multi-purpose Crisis Intervention and Support Centre)
### (CEASE Crisis Centre)

तुङ्ग वाह ग्रुप अव हस्पिटल्स् (Tung Wah Group of Hospitals) द्वारा सञ्चालित यो सीज क्राईसिस सेन्टर एउटा यस्तो प्रकारको संकटमा हस्तक्षेप अनि सहायता सेवा हो जसले यौन हिंसाका वयस्क शिकारहरुलाई एवम् घरेलु हिंसाको वा संकटको सामना गरिरहेका व्यक्तिहरु / परिवारहरुलाई व्यापक सहायता उपलब्ध गराउने लक्ष्य राख्दछ । यौन हिंसाका वयस्क अनि ठूलाहरुबाट दुव्र्यवहारका शिकारहरुका निम्ति उपलब्ध सेवाहरुमा एउटा 24-घन्टे हटलाईन, संकटमा हस्तक्षेप / लगत्तै स्थानमा पुग्ने सेवा, अरु आवश्यक सेवाहरुमा सिफारिश अनि अस्थायी रुपले घर फर्कन अयोग्य पीडितहरु वा ती व्यक्तिहरु / परिवारहरु जो संकटमा छन् उनीहरुका लागि अल्पावधिका निम्ति आवास समावेश गरिएको छ ।

### पारिवारिक संकट सहायता केन्द्र
### (Family Crisis Support Centre - FCSC)

क्यारिटास - हङ्ग कङ्ग Caritas – Hong Kong द्वारा सञ्चालित फ्यामिलि क्राईसिस् सपोर्ट सेन्टर पारिवारिक संकट सहायता केन्द्रले संकट अथवा कष्टमा परेका व्यक्तिहरु वा परिवारहरुलाई सहायता गर्न हेतु एकीकृत एकमुष्ठ एवम् सहजै पाउन सकिने सेवाहरु उपलब्ध गराएर पारिवारिक संकटलाई प्रारम्भिक अवस्थामा नै सम्हाल्ने लक्ष्य राख्दछ । उपलब्ध गराईने सेवाहरुमा 24-घन्टे हटलाईन सेवा, रात्रि आवास सहित अल्पकालिन आपत्कालिक हस्तक्षेप, अस्थायी एकान्तवास अनि अन्यान्य सहायक सेवाहरु सामिल छन् । FCSC ले सोझै आवेदन वा समाज कल्याण संस्थाहरू अनि सामुदायिक संस्थाहरू को सिफ़ारिश ग्रहण गर्छ ।

## हट लाईन सेवा
## (Hotline Service)

घरेलु हिंसा द्वारा पीड़ित व्यक्तिहरुले SWD हट लाईन (2343 2255) मा फोन गरेर समाज कल्याण सेवाहरु को जानकारी लिन सक्छन अनि समय मै परामर्श प्रदान सेवा र अरु संबन्धित सहायता सेवाहरु प्राप्त गर्न सक्छन । SWD हट लाईन 24 सै घण्टा काम गर्दछ । निर्धारित समय भित्र आएको फोनमा SWD को सामाजिक कार्यकर्ताले कारवाई गर्छ, त्यस निर्धारित समय पछि का फोनहरुमा तुंग वाह ग्रुप अव हस्पिटल्स द्वारा सञ्चालित हट लाईन अनि यथास्थान सेवा दलका कार्यकर्ताहरुले कारवाई गर्छन ।